म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ९५ शनिबार, २७ कात्तिक २०७८ नवमी ने. सं. ११४२ कछलाथ्व 13 November, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा नयाँ संक्रमित शुन्य



हेटौंडा/मकवानपुरमा शक्रबार कोरोना संक्रमण पुष्टि हुनेको नयाँ संक्रमितको संख्या शुन्य रहेको छ ।

स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार मकवानपुरमा पछिल्लो २४ घण्टामा ५८ जनाको एन्टिजेन र पिसिआर विधिबाट कोरोना जाँच गर्दा संक्रमित संख्या शुन्य देखिएको हो ।

मकवानपुरमा हाल सम्मको कोरोना संक्रमितको संख्या १५ हजार ४ सय १९ रहेको छ । त्यसैगरी मकवानपुरमा पछिल्लो २४ घण्टामा कोरोनामुक्त हुनेको संख्या २ रहेको कार्यालय जनाएको छ ।

### हेटौंडा-काठमाडौं सुरुङमार्ग

# 'जनता झुक्याउने' एक्साभेटर बगरमै थन्कियो

साझाकुरा संवाददाता

हेटौंडा/सुरुङमार्ग निर्माण गर्ने भन्दै अघि सरेको नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेडको जनताको आँखामा छारो हाल्न प्रयोग गरेको एक्साभेटर अझै बगरमै थन्किएको छ ।

५ वर्षअघि जनतासँग शेयर संकलन गरिसकेपछि सुरुङ मार्ग निर्माण हुने भन्दै आश्वासन दिन भीमफेदी बजार नजिकै खहरे खोला छेउको गेग्रेटो मैदानमा एउटा पहेंलो रङको एक्साभेटर लामो समयदेखि अलपत्र छ । 'अब सुरुङ मार्गको काम अघि बढ्छ भन्दै जनतालाई झुटो आश्वासन दिएर जमिन खोस्रिए जस्तो गर्दै राखिएको कम्पनीको एक्साभेटर बगरमा जीर्ण अवस्थामा छ ।' एक्साभेटर देखाउँदै स्थानीयले भने ।



*नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेडले निर्माण गर्ने भनिएको हेटौंडा-भीमफेदी-काठमाडौं सुरुङमार्गको उद्‌गम स्थल भीमफेदी गाउँपालिका-२ बजार नजिक रहेको खहरे खोलामा थन्काइएको एक्साभेटर ।*

सुरुङमार्ग निर्माण गर्ने कम्पनीदेखि दिक्क भएका मकवानपुरेबासीलाई आँखामा छारो हाल्न ल्याइएको एस्काभेटर कुहिने अवस्थामा रहेको भीमफेदी गाउँपालिका उपाध्यक्ष तथा शेयर खरिदकर्ता पार्वती रानाले बताइन् । यो एस्काभेटर जनताको आँखामा छारो हाल्न ल्याएको भन्दै कम्पनीले सुरुङमार्ग निर्माणमा सर्वसाधारणलाई धोका दिएको रानाको आरोप छ ।

एक्साभेटरमा खिया लाग्दैछ । रङ उप्किँदैछ । झारहरु पलाएर चालक बस्ने सिट छुन खोज्दैछन् । 'सुरुङ मार्ग परियोजनामा नेता र व्यापारीबाट मकवानपुरका सोझासिधा जनताले पाएको धोकाको प्रतीक हो, यो एक्साभेटर ।' स्थानीय लगानीकर्ता भन्छन् ।

भीमफदी गाउँपालिका अध्यक्ष हिदम लामाले नेपाल पूर्वाधार विकास कम्पनीले तोकिएको समयमै सुरुङ मार्ग निर्माण प्रक्रिया अघि बढाउन नसकेको अवस्थामा जनताको लगानी फिर्ता गर्नुपर्ने बताए ।

उनले पूर्वाधार विकास कम्पनी लगानी फिर्ता गर्नबाट पन्छिन नपाउने दाबी गर्दै विकासको नाममा जनतालाई झुक्याएर रकम संकलन गरेको आरोप लगाए । जनताको लगानी फिर्ता गराउन आफु निरन्तर लागी परेको बताउँदै कम्पनीले पूर्ण हिसाब देखाउनै नसेको उनको भनाइ छ ।

अध्यक्ष लामाले प्रदेश सरकारले सुरुङ मार्ग बनाउने प्रक्रिया अघि बढाइसकेको अवस्थामा स्थानीय तहले पूर्ण सहयोग गर्ने प्रतिक्रिया दिए । उनले अब सरकारले निर्माण अघि बढाएमा अवरोध नगर्न स्थानीयलाई आग्रह गरिरहेको बताए ।

> सुरुङ मार्ग परियोजनामा नेता र व्यापारीबाट मकवानपुरका सोझासिधा जनताले पाएको धोकाको प्रतीक हो, यो एक्साभेटर ।

**मुख्यमन्त्रीको निर्देशन: निर्माण प्रक्रिया तत्काल अघि नबढाउनू**

बागमती प्रदेश सरकारको गौरवको आयोजनामा समेटिएको भीमफेदी-कुलेखानी सुरुङमार्गको निर्माण प्रक्रिया तत्काल अघि नबढाउन मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले निर्देशन दिएका छन् ।

संघीय सरकारले सहलगानी गर्न चासो नदिएको भन्दै मुख्यमन्त्री पाण्डेले तत्काल प्रक्रिया अघि नबढाउन भौतिक पूर्वाधार मन्त्रालयलाई निर्देशन दिएका हुन् । प्रदेश सरकारले आफ्नो लगानीमा सुरुङ मार्ग बनाउन नसक्ने र केन्द्र सरकारले बजेट विनियोजन नगरेको कारण चालु आर्थिक वर्षमा सुरुङ निर्माण प्रक्रिया स्थगित गर्नुपरेको जनाएको छ ।

'प्रदेशले बनाउन सक्ने अवस्था छैन । केन्द्र सरकारको चासोमा परेन । त्यसैले निर्माण स्थगित गरेका हौं,' सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला मन्त्री कृष्ण शर्मा खनालले भने । उनले स्रोत सुनिश्चित नभएसम्म काम अघि नबढ्ने बताए ।

'आयोजना निर्माणमा सहकार्य गर्न संघको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले कार्यदल गठन गरे पनि खासै प्रगति छैन । आगामी बजेटमा यस आयोजनालाई समावेश गर्न केन्द्र सरकारसँग पहल गर्छौं,' उनले भने ।

प्रदेश सरकार स्थापना भएदेखि यो आयोजना नीति तथा कार्यक्रम र बजेटमा समावेश हुँदै आएको छ । प्रदेश सरकारले भौतिक पूर्वाधार मन्त्रालय मातहत रहने गरी 'पोष्टबहादुर बोगटी भीमफेदी-कुलेखानी सुरुङमार्ग परियोजना कार्यालय' नै स्थापना गरिसकेको छ । कार्यालयले आयोजनाको विस्तृत परियोजना रिपोर्ट (डीपीआर) तयार गरिसकेको र टेन्डर प्रक्रिया सुरु गर्न मात्र बाँकी रहेको जनाएको छ ।

'हालकै अवस्थामा सुरुङ मार्गको लागत करिब २० अर्ब रुपैयाँ छ । संघसँग आधा बजेट मागेका थियौं । तर, सुनुवाइ नै भएन । स्रोत सुनिश्चित नभएकाले रोक्न निर्देशन आएको छ । टेन्डर आह्वान गर्दैनौं,' भौतिक पूर्वाधार मन्त्रालयका सचिव अशोककुमार साहले भने ।

डीपीआरअनुसार ११ मिटर चौडाइको ३२ सय २० मिटर र ३२ सय ७० मिटर लम्बाइको दुईवटा सुरुङमार्ग बनाउन करिब १९ अर्ब ३२ करोड रुपैयाँ लाग्ने अनुमान छ । एकतर्फी रुपमा सवारी सञ्चालन गर्ने गरी दुईवटा सुरुङ निर्माण ४२ महिनामा सम्पन्न हुने डीपीआरमा उल्लेख छ । प्रदेश सरकारले चालु आवमा आयोजनाका लागि ७५ करोड रुपैयाँ मात्र विनियोजन गरेको छ । गत आवमा ०७७/७८ मा प्रदेश सरकारले विनियोजन गरेको एक अर्ब रुपैयाँ फ्रिज भएको थियो ।

कार्यालयका इन्जिनियर पुण्यराम सोलुका अनुसार डीपीआर निर्माण र प्रशासनिक गरी करिब दुई करोड ३३ लाख रुपैयाँ खर्च भइसकेको छ । इटेको नेपाल प्रालिलगायत सातवटा परामर्शदाताले फरकफरक विषयमा सुरुङ मार्गको प्राविधिक विषयको अध्ययन गरेका थिए । 'यो परियोजनाको सबै तयारी पूरा भइसकेको छरु। हामी टेन्डर गर्न सक्ने अवस्थामा छौं,' सोलुले भने । उनले भौगोलिक रूपमा सुरुङमार्ग निर्माणमा कुनै कठिनाइ नहुने बताए ।

### दुर्घटना न्यूनीकरण गर्न प्रशासनको चुक्ति

# टाइम कार्ड र दुई चालक

साझाकुरा संवाददाता

हेटौंडा/पछिल्लो केहि सातादेखि मकवानपुरमा दिनहुँ जसो सवारी दुर्घटना हुन थालेपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरले अग्रसरता देखाएको छ ।

सानो सडक, अव्यवस्थित सवारी संचालन, बजारमा चाप र चाडपर्वका कारण राजमार्गमा खेलवाड गरेर सवारी चलाउँदा भएका विभिन्न दुर्घटना न्यूनीकरणका लागि प्रशासनले सरोकारवालाहरुसँग छलफल गरेर नयाँ चुक्ति अपनाएको छ ।



सरोकारवालाहरुसँग गरेको छलफलअनुसार प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेको नेतृत्वमा प्रशासनले दुर्घटना न्यूनीकरणका लागि केही निर्णय गरेको छ । ट्राफिक प्रहरी कार्यालयले मादक पदार्थ सेवन (मापस)को चेकजाँचलाई कडाइका साथ प्रजिअसहित सरोकारवाला निकायमा प्रतिनिधिले दुर्घटना न्यूनीकरणका उपायलाई कार्यान्वयन गर्ने, मापसे गरेर सवारी चलाउने चालकमाथि तत्काल कारबाही गर्ने जस्ता निर्णय गरेको हो ।

छलफलले लामो दूरीका सवारी साधनले अनिवार्य रुपमा २ जना सवारी चालक राख्ने व्यवस्था गर्नुपर्ने निर्णयसमेत गरेको छ । चालक तथा सहचालकहरुलाई जिल्ला ट्राफिक प्रहरी कार्यालय, मकवानपुसँग आवश्यक समन्वय गरी ३/३ महिनामा कम्तिमा एकपटक सडक सचेतना एवं दुर्घटना न्यूनीकरण सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको उल्लेख छ ।

त्यसैगरी हेटौंडा हुदै काठमाडौं जोड्ने वैकल्पिक मार्ग भैंसे-भीमफेदी-कुलेखानी-फाखेल र सिस्नेरी सडक खण्डमा चल्ने सुमो र अन्य सार्वजनिक यातायातमा टाईम कार्ड लागू गरिने भएको छ ।

दुर्घटनाका कारक इरिक्सा र अटोहरु पनि रहेकोले ई-रिक्सा र अटोलाई बजारको मुख्य सडकमा प्रवेश नगरी सहायक सडकमार्फत व्यवस्थित रुपमा सञ्चालन गर्ने निर्णय भएको मकवानपुरका प्रजिअ भरतमणी पाण्डेले बताएका छन् ।

# निम्न आयआर्जन भएकालाई उद्यमी बनाउँदै हेटौंडा उपमहानगरपालिका

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका क्षेत्रमा निम्न आयआर्जन भएका महिला र पुरुषलाई उद्यमी बनाइने भएको छ ।

हेटौंडा उपमहानगर-पालिका कार्यालयले चालु आर्थिक वर्ष २०७८/०७९ मा उद्योगतर्फ बजेट छुट्याएर निम्न आयआर्जन भएकाहरुलाई आयआर्जनमा जोड्नका लागि विशेष कार्यक्रम ल्याउन लागेको हो । उपमहानगर प्रमुख हरिबहादुर महतले उपमहानगर पालिकाले चालु आर्थिक वर्षमा तालिम प्राप्त उद्यमीका लागि ढाका उत्पादन कार्यक्रम गर्ने भएको छ ।

यसका लागि दश लाख रुपैयाँ बजेट छुट्याएर प्रक्रिया अघि बढाइएको छ । यसैगरी महिला उद्यमी तथा उत्पादन बजारीकरण बिक्री केन्द्र सहयोग कार्यक्रम पनि गर्न लागिएको मेयर महतले बताए ।

यसका लागि दुई लाख रुपैयाँको कार्यक्रम गरिँदै छ । यस्तै, महिला जागरण समूहमार्फत उत्पादन भएका उद्यमीको आयआर्जन सहयोग कार्यक्रम, साना उद्यम विकास सहयोग कार्यक्रम, गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशीका अनुसार आवश्यकता पहिचानका आधारमा आधारभूत पुनर्ताजगी र एड्भान्स सीप विकास तालिम सञ्चालन गर्न लागिएको छ ।

नयाँ लघु उद्यमी सृजना गरिने, सम्भाब्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण गरिने मेयर महतले बताए । यस्तै, हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षमा कृषि क्षेत्रलाई प्राथमिकता दिएर काम गर्दैछ । चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका क्रममा कृषि क्षेत्रलाई प्राथमिकता दिइएको हो । किसालनलाई खेती गर्नका लागि सहज होस् भन्ने उद्देश्यले मेशिनरीको सहयोग गर्न लागिएको महतले बताए ।

> उद्योगतर्फ बजेट छुट्याएर निम्न आयआर्जन भएकाहरुलाई जीविकोपार्जनमा जोड्नका लागि विशेष कार्यक्रम ल्याउन लागेको उपमहानगरपालिकाले जनाएको छ ।

किसानका लागि तरकारीका बीउ वितरण, टनेल हाउस खेती कार्यक्रम, साना सिचाईं कार्यक्रम, साना खेती सहयोग कार्यक्रम, बिभिन्न बालिका बिउ वितरणको कार्यक्रम, पुष्प खेती प्रबर्द्धन कार्यक्रम, प्लाष्टिक पोखरी निर्माणको कार्यक्रमलाई प्राथमिकता दिइएको हो ।

हेटौंडामा थपिएका नयाँ वडाका महिलाहरुलाई लक्षित गरेर कृषिमा महिला प्रोत्साहन कार्यक्रम, कृषि इन्जिनियररिङ प्रबर्द्धन कार्यक्रम, बिउबिजन संकलन भवन निर्माण, कृषि तथा पशुपालन कार्यक्रम, टनेल निर्माण, उन्नत बिउ बितरणलाई प्रोत्साहन कार्यक्रम लगायतको क्षेत्रमा प्राथमिकताका साथ काम गर्न लागिएको उनले बताए ।

मध्यम प्रविधियुक्त बहुउद्देश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम, तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम, खाद्यान्न बालीमा उन्नत बिउ उपयोगमा मुल्य अनुदान कार्यक्रममा सहयोग गरिने छ ।

**आकर्षक घडेरीहरू बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका वडा नं.-१५, रातोमाटेपनेश स्थित महेन्द्र राजमार्ग रातोमाटे बजारबाट मात्र ३ कि.मी. पूर्वतर्फ रिङरोडको बस्तिमाझ खानेपानी, ढल, विधुतको सुविधा भएको, व्यापारिक तथा आवसिय प्रयोजनको लागि अति उपयुक्त आकर्षक घडेरीहरू सुपथ मुल्यमा बिक्री वितरण हुदैछ ।




| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

०५७-५२३९३१ ९८४९११०८९२ ९८५५०६८७१६
९८५११६७२६७ ९८५५०७२३०८ ९८४५०२८५१९
९८०२९१४११६




**Times AutoHub Hetauda**

Contact:057-590610, 9855067840

**कर्मचारी आवश्यकता**

यस मकवानपुर साझा यातायात प्रा.लि.को लागि निम्न बमोजिम कर्मचारीहरु आवश्यक परेको हुादा सम्बन्धित काममा अनुभव र हेटौंडा बजार क्षेत्रका व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

- **पद** : चालक (२ जना)
- **उमेर** : ३५-४५ वर्षसम्म, हेभी लाइसेन्स भएको र कम्तिमा ५ वर्षको अनुभव

- **पद** : कन्डक्टर (१ जना महिला/पुरुष)
- **उमेर** : २५-३५ वर्षसम्म

- **तलब/भत्ता** : आपसी समझदारीमा

साथै, साझा बस फोल्डिङ सिट भएको, सुमो स्कार्पियो, बोलेरो सुपथ मुल्यमा रिजर्भ/भाडामा उपलब्ध छ ।

**सम्पर्क:**

**९८५५०६८८७३, ९८४५४५७५०७**

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएको हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# ५ करोड रुपैयाँमा बिक्यो एप्पलको पहिलो कम्प्युटर



एप्पलले पहिलो पटक उत्पादन गरेको एक कम्प्युटर पाँच करोड रुपैयाँभन्दा बढी मूल्यमा बिक्री भएको छ । एप्पलले सबैभन्दा पहिले सन् १९७६ मा निर्माण गरी बजारमा ल्याएका एप्पल वान कम्प्युटरमध्ये चालु हालतमा रहेको उक्त कम्प्युटर मंगलबार लिलामी मार्फत् चार लाख डलरमा बिक्री भएको हो ।

अमेरिकाको क्यालिफोर्नियास्थित जोन मोरान लिलामघरले लिलामीमा राखेको उक्त कम्प्युटरको मूल्य ६ लाख डलर पर्ने अपेक्षा गरिएकोमा ५ लाख मात्रै परेको हो । एप्पल वान कम्प्युटरसँगै एप्पल वान एनटीआई मदरबोर्ड, काडको खोलमा राखिएको एप्पल क्यासेट एडाप्टर, डाटानेटिक्स किबोर्ड रेभ डी, १९८६ प्यानासोनिक भिडियो मनिटर, एप्पल वान कनेक्टिंग केवल र विजुलीमा जोड्ने तारलगायतका सामानहरू लिलामीमा राखिएको छ । त्यस्तै त्योसँगै एप्पल वानको बेसिन म्यानुअल, एप्पल वान अपरेसन्स गाइड, प्रोग्रामिङ म्यानुअल तथा दुईवटा एप्पल वान सफ्टवेयर क्यासेट टेपपनि रहेका छन् ।

उक्त एप्पल वान कम्प्युटर एप्पलका एकजना संस्थापक स्टिभ वज्नियाकले डिजाइन गरी अर्का संस्थापक स्टिभ जब्सले पाटपुर्जा जडान र परीक्षण गरेका थिए । हाल लिलामीमा र ाखिएको एप्पल वान कम्प्युटर हालसम्म दुईपटक मात्र खरीद बिक्री भएको पाइएको छ । पहिलोपटक इलेक्ट्रोनिक्सका एकजना प्राध्यापकले बजारबाट खरीद गरेको उक्त कम्प्युटर सन् १९७७ मा एक विद्यार्थीलाई बिक्री गरेका थिए । ती विद्यार्थीले त्यसबेला उक्त कम्प्युटरलाई ६५० अमेरिकी डलरमा खरीद गरेका थिए ।

सो कम्प्युटरलाई हालै यो क्षेत्रका दिग्गज विज्ञहरूबाट मूल्यांक, परीक्षण तथा मर्मतलगायतका काम गरी यो पूर्णरुपमा चालु हालतमा रहेको प्रमाणित गरिएको छ । विश्वमा हालसम्म कोआ काठबाट बनेका एप्पल वानका खोल केवल ६ वटा मात्र अस्तित्वमा छन् । वनविनासका कारण कोआ वनस्पती नासिएर यो काठ दुर्लभ तथा महँगो बनेको छ । एप्पलले आफ्नो पहिलो उत्पादनको रुपमा २ सय गोटा एप्पल वान कम्प्युटर निर्माण गरेको थियो, जसमध्ये १७५ वटा बिक्री भएका थिए । ती मध्ये करीब २० वटा अझै पनि चालू हालतमा रहेका अनुमान गरिएको छ ।

ती मध्ये ५० वटा कम्प्युटर क्यालिफोर्नियास्थित बाइटसप नामक पसलका मालिक पाउल टेरेलले खरीद गरेका थिए । स्मरणरहोस् सन् २०१३ मा जर्मनीमा भएको लिलामीमा एउटा एप्पल वान कम्प्युटर ६ लाख ७१ हजार डलरमा बिक्री भएको थियो । उक्त कम्प्युटरसँगै एप्पल संस्थापक स्टिभ जब्सको पत्र पनि बिक्री गरिएको थियो । त्यस्तै सन् २०१४ मा अमेरिकाको न्युयोर्कमा एप्पल वान कम्प्युटर ९ लाख पाँच हजार डलरमा बिक्री भएको थियो । स्टिभ जब्स, स्टिभ वज्नियाक र रोनाल्ड वाइनेले सन् १९७६ को अप्रिल एकमा क्यालिफोर्नियास्थित घरको ग्यारेजमा एप्पल कम्पनीको स्थापना गरेका थिए ।

एप्पल वानको उत्पादन गर्नका लागि पैसा जुटाउन जब्सले आफ्नो माइक्रोबस बिक्री गरेका थिए भने वज्नियाकले ५०० डलरमा आफ्ना एचपी ६५ क्याल्कुलेटर बिक्री गरेका थिए । एप्पल वान कम्प्युटरको बजार मूल्य त्यतिबेला ६६६ डलर ६६ सेन्ट तोकिएको थियो । - अनलाईनखबर

# जब पुरुषले गर्भवती भएको महसुस गर्छन्, के तपाईंलाई यो स्थितिबारे थाहा छ ?





आमा बन्नु संसारकै सुन्दर अनुभूतिमध्ये एक भएजस्तै पिता बन्नु पनि जीवनको एक विशेष अध्याय हो । तर पिता बन्न लागेका पुरुषले उनकी गर्भवती पार्टनरले झैं महसुस गरिरहेका छन् भने के होला ?

बान्ता आउनु वा आउला जस्तो महसुस हुनु र ती सबै समस्या जुन आमा बन्न लागेकी एक महिलामा देखिन्छ । यो स्थितिबारे भारतकी स्त्रीरोग विशेषज्ञ डा. प्रगति अग्रवाल र वरिष्ठ मनोचिकित्सक डा. धर्मेन्द्र सिंहले कुराकानी गरेका छन् ।

**के हो प्रेग्नेन्ट ड्याड सिन्ड्रोम ?**

वास्तवमा यो स्थितिमा पुरुषले पेट फुल्ने, तनाव, पिँडुला बाउँडिने, तौल बढ्ने, ढाड दुख्ने, छाती पोल्ने, भोक कम लाग्ने, सुत्न समस्या हुने, यौनेच्छामा कमी महसुस गर्छन् । यो ती लक्षण हुन् जुन उनकी गर्भवती पार्टनरले महसुस गरिरहेकी हुन्छिन् ।

हुन त यस्तो भएको निकै कमै सुन्न पाइन्छ तर संसारभरी यस्ता थुप्रै घटनाबारे कुरा भइरहेका छन् । अनुसन्धानका अनुसार यो कुनै समस्या होइन जसका लागि औषधीको आवश्यकता पर्छ । यो केही समयका लागि हुने मानसिक स्थिति हो ।

***के पुरुषले गर्भावस्था महसुस गर्छन् ?***

**हर्मोनल परिवर्तन एउटा कारण:**

गर्भवती भएपछि महिलामा मात्रै नभई पुरुषमा पनि पिता बन्ने उत्सुकताका कारण हर्मोनल परिवर्तन हुन्छन् । एक शोधका अनुसार गर्भवती पार्टनरको पहिलो र अन्तिम त्रैमासिकका बेला पुरुषमा प्रोलेक्टिन र एस्ट्रोजको स्तरमा बढोत्तरी र टेस्टोस्टेरोन र कार्टिसोलमा कमी देखियो । त्यसैले उनीहरु आफू गर्भवती भएको महसुस गर्छन् ।

**मनोवैज्ञानिक, सामाजिक कारण:**

अनुसन्धानपछि प्राप्त जानकारीका अनुसार पुरुषलाई आफ्नो पार्टनरले बच्चा जन्माउन सक्ने तर आफूले नसक्ने भन्दै पार्टनरसँग जलन हुन्छ । त्यसैले पुरुष मातृत्वको अनुभूति गर्ने मानसिक स्थितिमा आफू गर्भवती भएको महसुस गर्न थाल्छन् ।

**आफूलाई जिम्मेवार मान्नु:**

थुप्रै पटक पुरुषले आफ्नो पार्टनरमा देखिएको समस्या र उनको शारीरिक परिवर्तनका लागि आफूलाई जिम्मेवार मान्छन् । यस्तोमा उनीहरुले आफूलाई दोषी महसुस गर्छन् । उनीहरु आफूलाई आफ्नो पार्टनरको दु:खसँग जोडेर हेर्ने गर्छन् तसर्थ उनीहरुलाई पनि आफू गर्भावस्थाको लक्षण महसुस हुन थाल्छ ।

**बच्चासँग भावनात्मक रुपमा जोडिनु:**

थुप्रै पटक पिता बन्ने खुसी पुरुषलाई यतिसम्म भावुक गरिदिन्छ कि उनीहरु बच्चाको हरेक गतिविधिसँग आफूलाई जोड्ने गर्छन् । बच्चाको क्रियाकलापले जसरी आमा बन्न लागेकी महिलालाई पीडा र समस्यामा पार्छ पुरुषले पनि आफूमाथि यस्तै भइरहेको महसुस गर्न थाल्छन् ।


**कस्तो छ विज्ञको धारणा ?**

यसबारे स्त्रीरोग विशेषज्ञ डा. प्रगति अग्रवालका अनुसार पुरुषमा यो समस्या त्यतिबेला देखिन्छ जब उनले आफ्नी श्रीमतीमाथि असाध्यै सहानुभूति राख्छन् । पार्टनरमा देखिने समस्या उनीहरुको दिमागमा यतिसम्म बस्छ कि उनीहरु आफैं पनि गर्भावस्थाको प्रक्रियाबाट आफू पनि गुज्रिएको महसुस गर्छन् । यस्तो महसुस भएको खण्डमा पुरुषलाई मनोचिकित्सकलाई भेट्न सल्लाह दिइन्छ किनभने यो कुनै रोग नभई मानसिक स्थिति हो । यो समस्याको विषयमा वरिष्ठ मनोचिकित्सक डा. धर्मेन्द्र सिंह भन्छन्, 'यस्ता समस्या लिएर म भएठाउँ केही मानिस आएका छन् ।' यस्तो किन हुन्छ त भनेर सोधिएको प्रश्नमा उनले भने, 'बच्चासँग अति नै बढी अट्याच हुनु यसको सबैभन्दा ठूलो कारण हो ।

यद्यपि, भारतमा यस्तो केस विदेशको तुलनामा निकै कम पाइन्छ । यस्तो यसकारण किनभने यहाँको जीवनशैली भिन्न छ । मानिसहरु जन्मिन लागेका बच्चाको आवश्यकता पूरा गर्नमा यति उल्झिएका हुन्छन् कि उनीहरुले नयाँ पाहुनालाई महसुस गर्दै बाँच्ने मौका नै पाएका हुँदैनन् ।' - रातोपाटी

# साहित्य

## यात्राकी साथी



**पवन पौडेल**

संघीय राजधानीदेखि कर्णालीको राजधानीसम्मको लामो यात्रा त्यसैमा पनि मुख्य चाडबाडको बेला टिकट पाउन मुस्किलै हुन्छ । त्यसैले घर जानको लागि आज साँझको टिकट हिजो नै चाँजोपाजो मिलाएको थिएँ । काठमाडौंबाट सधैंजसो दसैंको बेला घर जान्थें तर एसपटक दसैंमा पनि घर नगई एकैचोटि तिहारमा घर जाँदै थिएँ ।

करिब वर्षदिन पछिको यात्रा झोला झाम्टा अलिअलि भइहाल्छ, सामानहरु मिलाउनै पऱ्यो । टिकट साँझ ५ बजेको थियो । सामान मिलाउँदा हल्का थकित र घर जान पाउँदा उत्साहित पनि थिएँ नै, घडीमा दिउँसोको १ बजेको थियो । एकैछिन आराम गर्नुपऱ्यो भनेर ओछ्यानमा पल्टिएँ ।

केहीबेरमै बसपार्क जान कोठाबाट निस्केर गाडी चडिहालें । बसपार्क पुग्दा मैले टिकट काटेको गाडी छुट्ने तरखरमा थियो । बाहिरबाट हेर्दा गाडी भरीभराउ देखिन्थ्यो, बस छुट्ने तरखरमा भएर होला सबैजना गाडीमा बसेका थिएँ । म पनि बसभित्र चढें, आृनो टिकट हेरें । सिट नम्बर एकिन गरेर दुई पाइला पछाडि लम्कें ।

मेरो सिट झ्यालतर्फको ४ नम्बर थियो । यसो आफ्नो सिटतर्फ हेरें, झ्यालतर्फ रुपले बलेकी, आँखामा हल्का गाजल लाएकी, निधारमा चिटिक्क टिकी टल्काएकी, सिल्की केश अगाडि ढल्काएकी, गुलाबी भेषमा सजिएकी उन्नाइस/बीस वर्षे युवती थिइन् । यसो हेरें आँखा जुधिहाल्यो । उनको नशालु नजरबाट फिदा भइहालें म । उनी हल्का मुस्कानसहित लजाएर नजर मोडिन् । म भने उनलाई देखेर मात्र स्तब्ध भएँ । मैले नजिकै पुगेर प्रश्न गरें 'हजुरको सिट यही हो ?' उनले मुस्कुराउँदै लजालु पारामा 'उम् छेउतिर हो, म झ्यालतिर बस्छु है' भनिन् । मैले पनि उनको सहजता र खुसीको लागि सहजै स्वीकार गरिदिएँ । विस्तारै गाडी बसपार्कबाट बाहिरतिर मोडियो ।

रातभरको यात्रा सँगै परेकीसँग परिचय गरौं भनेर सामान्य परिचय नि गरियो । उनी छिमेकी जिल्ला दैलेखकी रहिछन् । +२ सुर्खेतबाट गरेर बिबिए काठमाडौंमा दाइसँगै बसेर पढ्दै रहिछन् । मैले पनि आफ्नो परिचय बेलिविस्तारका साथ दिएँ । यसबाट उनले अझै कम्फर्ट महसुस गरिन् । परिचयपछि उनले भावनात्मक रुपमा नजिकिँदै मसँग नजिकिदैं गइन् । मलाई पनि ढुङ्गा खोज्दा देउता मिलेझैं भयो ।

'मभन्दा कान्छी रहिछौं, म तिमी भनेर सम्बोधन गर्छु लङ्ग भन्ने प्रस्तावलाई उनले पनि सहजै इसाराले मुन्टो हल्लाइन् । त्यत्तिकैमा उनको फोनको घन्टी बज्यो । त्यो फोनकल उनको बुवाको रहेछ । उनले थानकोट आइसकेको जानकारी गराइसकेपछि उनको बुवाले 'सँगैको सिटमा को छ ?' भनी प्रश्न गरेको मैले पनि सानो आवाजमा भए पनि सुनें । उनले 'एकजना दाइ हुनुहुन्छ' भनी जवाफ दिइन् । उनका बुवाले 'अप्ठ्यारो होला, गाडीवालालाई भनेर कुनै महिलासँग बस्न आग्रह गर्न' भन्नुभयो तर उनले 'मेरो साथीको दाइ हुनुहुँदो रहेछ, कुनै पिर नगर्नुस्' भनिन् । 'ल राम्ररी आउनू है त त्यसो भए' भनी बुवाले फोन राख्नुभयो ।

उनीसँगै थुप्रै कुराहरु भए राजनीतिको रोगदेखि केपी बाको जोकसम्म, राष्ट्र बैंकको जबदेखि स्कुलको लभसम्म, टिकटकको लतदेखि सेयरबजारको हदसम्म, ट्रेन्डिङका न्युजदेखि भिडिओका भ्युजसम्म, उनको रुपदेखि धादिङबेसीको सुपसम्म । ज्ञानगुन, विज्ञान, प्रविधि, संस्कार, संस्कृति, आधुनिकता, समसामयिक परिवेशमा छलफल तर्क-वितर्क रमाइलो ख्यालठट्टा खुबै गरियो । हेर्दा सोझी देखिए पनि गफगाफमा हँसाउन पिएचडी नै गरेकी जस्तै थिई ऊ । आफूलाई नि त्यस्तै मनपर्ने फेरि । थानकोटदेखि चितवनसम्मको मोड, कहिले बायाँ त कहिले दायाँ मोड, कहिले यता हल्लाउनी कहिले उता, कहिले उनको काँध मेरो सिरानी हुन्थ्यो कहिले मेरो काँध उनको सिरानी हुन्थ्यो । हाम्रा बैंसालु गफ वेग्र रुपमा चलिरहेकै हुन्थें । गफ गर्दा-गर्दा नारायणगढ काटिएको पत्तै भएन । यताउता हेर्दा सबै मस्त निन्द्रामा देखिन्थे, हामी गुनगुन गरी गफमै ।

चिसो मौसम सुरु हुने बेला भएकाले हल्का जाडो थियो गाडीमा । उनले कान छोप्न आग्रह गरिन्, लापरवाही गर्नु हुँदैन भन्दै । चिसो हुन्छ भनेर मेरो ज्याकेटको टोपी समेत लगाइदिइन् उनी आफैले । फेरि झोलाबाट एउटा रातो पछ्यौरी निकालिन् अनि मलाई समेत गुम्म पारेर ओडाइन् । यति छोटो चिनजान र गफगाफमै यति धेरै निसंकोच भई मेरो ख्याल राखेको देख्दा मैले मनमनै सोचें, यिनीलाई मेरै लागि भगवानले बनाइदिएका हुन् ।

उनलाई निन्द्रा लागेछ सजिलो गरी काँधमै पल्टिन आग्रह गरें तर हजुरलाई गाह्रो हुन्छ भनिन् र मानिनन् । त्यसपछि मैले गाह्रो भएमा उठाइहाल्छु नि भनेर आफै मेरो काँधमा सुताएँ । अनि राम्ररी कपडाले नछोपिएको शरीर छोपिदिएँ । उनी पनि निर्धक्रक भएर मस्तसँग पल्टिइन् र एकैछिनमा निदाइहालिन् । केहि घण्टापछि यसो घडी हेरेको रातिको दुई बजेको थियो । उनी ब्युझिइँन । र भनिन् 'म अहिलेसम्म मस्त सुतें हजुरलाई गाह्रो भयो होला, अब म हजुरलाई सुताउँछु' भनी काँधमा पल्टन आग्रह गरिन् । 'ठिकै छ अहिले त' भनें मैले तर मेरै लागि धेरै कर गरेपछि म मान्रुन बाध्य भएँ ।

उनले मेरो सुखको लागि र मैले उनको खुसीको साथसाथै आफ्नै आनन्दको लागि अन्तिममा म पनि मस्त पल्टिएँ । उनको न्यानो त्यो काँध अनि त्यसैमा त्यो कोमल हातले बेलाबेलामा मेरो अनुहारमा मुसार्दै स्पर्श गरिरहन्थिन् जसले मन नै पुलकित आनन्द दिइरहेको थियो । त्यत्तिकैमा म झसंग ब्युझिएँ । ओछ्यानबाट उठेर यसो घडी हेरेको साढे चार बजिसकेको रहेछ । हतार-हतारमा लुगा लगाएँ र आफ्ना झिटी झाम्टा बोकेर गाडी भेट्टाउन नेपाल यातायात चढी बसपार्कतिर हानिएँ । *- सेतापाटी*

## कविता

## नदीलाई नौ प्रश्न



**राधिका कल्पित**

१.
ए नदी
तिमी सागरमा मिसिएर विश्राम लिएपछि
के उसैगरी पछुताउँछ्यौ
जसरी पछुताउँछ मान्छे
फुर्सद मिलेपछि ।

२.
राधिका कल्पित
ए गङ्गे
कति हतारो हो तिमीलाई ?
के तिमीलाई थाहा छैन
तिमी समुद्रमा पुगेपछि
तिम्रो नाम मेटिन्छ ।
अचम्म लाग्छ
के मेटिनका लागि पनि
यति हतार हुन्छ कसैलाई ?

३.
अञ्जुलीमा भर्न खोज्दा
माछाका फुल झैं
चिप्लेर फुत्किन्छ्यौ
अंगालोमा छोप्न खोज्दा
समयका चन्चले पाठा झैं
फुत्केर दौडिन्छ्यौ
मायाले टिप्न खोज्दा
हुस्सुका भुवा झैं
फुस्केर भागिदिन्छ्यौ ।
ए नदी
भन न
यसरी
दौडिइरहन
भागिइरहन
छोडिरहन
मान्छेले तिमीबाट सिकेको हो
या तिमीले मान्छेबाट ?

४.
ए नदी
जब नदीशमा तिमीलाई खोज्छु
त्यहाँ तिमी जस्तै कोही देखिन्छ तर तिमी
भेटिन्नौ
जब जन्मथलो छाडेर पराइथलो टेक्छ्यौ
कसमा नामसारी गरेर जान्छ्यौ
तिम्रो आफ्नो नाम ?
कहाँ लगेर गाड्छ्यौ
तिम्रो आफ्नो पहिचान ?
कसलाई जड्यौरी दिएर जान्छ्यौ
तिम्रो यो गडगडाहट ?
कसलाई पेवा दिएर जान्छ्यौ
तिम्रो यो सुस्साहट ?
कसमा हस्तान्तरण गर्छ्यौ
आफ्नो यो स्वरूप र रूप ?

५.
जसरी छाडेपछि बाल्यकाल
छाडिन्छ आफैँसँग मान्छे
जसरी पाएपछि कसैलाई
आफैँलाई बिर्सन्छ मान्छे
भन न ए नदी
तिमी चाहिँ
छोडिएका लागि दु:खी छौ
या भेटिएकामा खुसी छौ ?

६.
यी नादान नदीहरू
झुक्किएरै भए पनि
ऐना हेर्दा हुन् त चकित पर्थे होलान्
आफ्नै परिवर्तित तक्दिर देखेर
जसरी नोस्टाल्जिक हुन्छ प्रत्येक मान्छे
आफ्नै बाल्यकालको तस्बिर देखेर ।

७.
जमुना या यमुना
विष्णुमती या इन्द्रावती
नारायणी या रुद्रायणी
काली या सेती
नदी हुन् या नारी हुन्
मुहानमा पुजिन्छन्
मुग्लानमा दुषित बनाइन्छन् ।

८.
दुखियाहरू
जंगलतिर सुसाउँछन्
नदीहरू बगरतिर ।

९.
ठूलो घरमा परेर 'ठुली' भएपछि
के तिमी उसैगरी सम्झिन्छ्यौ तिमी जन्मेको
कन्दरा
जसरी सम्झिन्छे
धनी घरमा परेकी एक चेलीले
गरिब माइतीलाई ।

## हार्मोनियम र संगीत



**बिके मकाजु**

करङ थिच्छन्
एक दुई तीन चार गन्छन्
दुख्छ बेस्सरी
रुन्छु धरधरी
मेरो रुवाईमा कति रम्छन्
कतिले दु :ख दर्द पीडा भुल्छन्
कति झुम्छन्, झुल्छन्
म झनै बेजोडले रुन्छु
बेतोडले रुन्छु
अलाप्दै
सारेगम पध निसा
यस्तै यस्तै---
म रुँदा, म धुँदा
कसैलाई सुख शान्ति मिल्छ भने
मैले दुख्नु पर्छ
मैले रुनु पर्छ
अलाप्नु, बिलाप्नु पर्छ
सानि धप मगरेसा
यस्तै यस्तै---
किनकि, म हार्मोनियम हुँ
म रुन्छु हँहँ हुँहुँ
बिर्सिएर पीडा दु:ख
म रोएरै दिन्छु संगीतको सुख ।

## गफाडीका तीन मुक्तक

**विश्वराम ढलाकोटी**

१
आधी उमेर त्यसै गयो, आधा खोज्दै छु
रङ्गीन संसार चाहिँदैन, सादा खोज्दै छु
गाह्रो पो हुँदो रहेछ एक्लो जिन्दगी काट्न
यो मदनको दु:ख बुझ्ने मुना खोज्दै छु

२
जिन्दगीको गोरेटामा पनि एउटा साथी हुनेछ
दिनको सूर्य अस्ताएपछि साझसँगै रात्रि हुनेछ
मेरो र तिम्रो जीवनरेखा पनि यसरी नै चल्नेछ
फदय नै कालो भएपछि मायाँ पनि माथि हुनेछ ।।

३
कसले बनायो यो जातभात ईश्वरलाई थाहा छैन
आज हो कि भोलि मर्ने यो कसैलाई थाहा छैन
न तेरो न मेरो आखिर रगत त सबको रातै हुन्छ
महिला पुरुष मात्र जात, यो समाजलाई थाहा छैन ।।

# 'मेहनत र परिश्रमले मान्छेलाई महान् बनाउँछ'



बनेपा (रासस)/ सभामुख अग्नीप्रसाद सापकोटाले मान्छेलाई मेहनत र परिश्रमले महान बनाउने भएकाले जीवनमा मेहनत आवश्यक रहेको बताएका छन् ।

काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-५ खड्पुमा रहेको एसओएस बालग्राम नेपालले ३५ औँ एसओएस अन्तरराष्ट्रिय दिवस २०२१ का अवसरमा आज आयोजित 'सन् २०२० मा एसओएस बालग्राम काभ्रेलाई उल्लेख्य योगदान दिने व्यक्तित्व सम्मान' कार्यक्रममा उनले कुनै पनि काम सानो र ठूलोको रुपमा नलिई त्यसलाई गम्भीररुपमा लिएर राम्रोसँग अवलम्बन गरेमा मानवीय जीवन सफल र खुशी हुने विश्वास व्यक्त गरे ।

उनले एसओएस बालग्रामले मानव सेवाको लागि थकाइको महसुस नगरिकन जीवन, जगत, मानवजाती र प्राणी जगतका लागि संघर्ष गरेकाले त्यसमा लागेर सेवा गरिरहेकाबाट काम र व्यवहारले देखाएर उदाहरणीय बनेको बताए ।

मान्छेले सत्य र निष्ठाको कुरा गरिरहँदा उसको जीवनशैली र चरित्र कस्तो छ भन्नेले ठूलो अर्थ राख्ने भएकाले त्यसको नमुना काम बालग्रामले गरेर देखाएकामा खुशी व्यक्त गरे । उनले अझै पनि अध्ययन, ज्ञान र मेहनतको आवश्यक रहेकाले बालग्राममा अध्ययन गरिरहेका विद्यार्थी बालबालिकालाई मेहनतको विकल्प नभएकाले त्यसमा ध्यान दिन उनले आग्रह गरे । मेहनत र ज्ञानको विकल्प खोज्न थाल्यौँ भने मान्छेले केही गर्न नसक्ने उल्लेख गर्दै उनले संघर्ष, मेहनत र अध्ययनको लागि जोड दिए ।

सफल मान्छे बन्नका लागि पर्याप्त सामग्री रहेको बताउँदै सभामुख सापकोटाले मानवीय जीवनका लागि सरसफाइ महत्वपूर्ण भएको बताउँदै बालग्रामलाई सफा बनाउन भूमिका खेल्ने सफल उदाहरण भएको बताए । राम्रो बन्नका लागि सबैले निष्ठाका साथ काम गर्न आवश्यक रहेको उनको भनाइ छ । सो क्रममा उनले संघीयसभाको सभामुख भएको कारण समस्त बालबालिकाको लागि बालबालिकाको हितमा संसदबाट ऐन, कानुन र नियम बनाउन उपयुक्त भूमिका खेल्ने बताए ।

कार्यक्रममा सम्मानित तर्फबाट आफ्नो धारणा राख्नुहुँदै पत्रकार मोतिराम तिमल्सिनाले टुहुरा बालबालिका, अभिभावक भएर पनि राम्रो शिक्षादीक्षा दिन नसकेका बालबालिकाको अभिभावकत्व ग्रहण गरिरहेको बालग्रामलाई संघ, प्रदेश र स्थानीय सरकारबाट पनि आवश्यक सहयोग, संरक्षण र सम्बर्द्धनका लागि समन्वय र सहजीकरण गर्न आवश्यक रहेको बताए । एसओएस बालग्रामका निर्देशक सुरेन्द्र अमगाईले राज्यको उपस्थितिमा नै आफूहरूले मावन सेवाको काममा लागिरहन अवसर पाएको बताए । सो अवसरमा बालग्रामले 'सबै बालबालिकाका लागि मायलु घर' स्थापना गर्ने लक्ष्य प्राप्तीका लागि विभिन्न तहबाट सहयोग पुऱ्याउने व्यक्तिलाई सम्मान गरिएको छ ।

सम्मानित हुनेमा नेपाली सेनाका सेनानी प्रविण थापा, पत्रकार मोतिराम तिमल्सिना, श्रीधर न्यौपाने, तृप्ती शाही, सुरज आचार्य, सुजना ढकाल, सुजाता खत्री र बालग्रामका मुक्ति नारायण काफ्ले, पार्वती गुरुङ, कमल भगत थारु, ईन्द्र थापा, सत्यनारायण महर्जन र बन्दुमाया राई रहेका छन् ।

बालग्राम खड्पुमा अहिले १३३ जना बालबालिका बालग्राममा आस्रित छन् भने त्यही विद्यालयमा अध्ययनरत विद्यार्थी ७२० जना, एकल परिवारमा हुर्केर बालग्रामभन्दा बाहिर रहेर पनि एसओएस बालग्रामले सहयोग गर्ने ५९८ जना र युवा १५० जना गरी गरी एक हजार ६०१ को अभिभाकत्व ग्रहण गरिरहेको एसओएस हर्मन माईनर स्कूल काभ्रेपलाञ्चोकका प्रिन्सिपल नरेश्वर आचार्यले बताए ।

# धरासायी बन्दै "कान्तिपुर यातायात"

काठमाडौँ (रासस)- कुनै बेला काठमाडौँको सडकमा छ्याप्छ्याप्ती देखिने 'कान्तिपुर यातायात' यतिबेला धरासायी बन्दै गएको छ । दुईवटा रुटमध्ये एउटा रुट काठमाडौँको बल्खु-कलंकी-नयाँबसपार्क-महाराजगञ्ज चोक हुँदै रत्नपार्कसम्म र अर्को रुट नयाँ बसपार्कदेखि महाराजगञ्ज-पुरानो बसपार्क-नयाँ बानेश्वर-एयरपोर्ट-चाबहिल हुँदै नयाँ बसपार्कसम्म आवतजावत गर्दै आएको कान्तिपुर यातायात यति बेला धरासायी अवस्थामा पुगेको हो ।

विसं २०५८ मा २३ वटा बसबाट सेवा प्रारम्भ गरेको कान्तिपुर यातायातले राजधानीमा कुनै समय ८० वटा बसमार्फत यात्रुको सेवा प्रदान गर्दै आएको थियो । स्थापनाकालमा काठमाडौँको कलंकी खसीबजारबाट यात्रुको सेवा प्रदान गरेको सो यातायातले विसं २०५९ मा ३० वटा बस खरिद गरी नयाँ बसपार्कबाट बानेश्वर रुटमा सवारी साधन सञ्चालन गरी यात्रुलाई सेवा दिँदै आएको थियो ।

स्थापनाकालदेखि नै कान्तिपुर यातायात सेवा प्रालिले 'नन स्टप' यात्रुलाई सेवा प्रदान गर्दै आए पनि पछिल्लो समय प्रालिको नेतृत्व राम्रो नहुँदा धरासायी बन्दै गएको हो । कान्तिपुर यातायात सेवा प्रालिका संस्थापक अध्यक्ष दीपक अधिकारी र वर्तमान अध्यक्ष हरिशरण केसी 'हुस' दुवैजना अहिले नेपाल यातायात व्यवसायी राष्ट्रिय महासैका वरिष्ठ उपाध्यक्ष हुनुहुन्छ ।

दुई रुटमा गरेर झण्डै ८० वटा कान्तिपुर यातायात सञ्चालन हुँदै आएकोमा हाल जम्मा १५-२० सवारी साधनमात्र ओहोर दोहोर हुँदै आएका छन् । बल्खुदेखि रत्नपार्क रुटमा ४९ कान्तिपुर यातायात चल्दै आएकोमा हाल १५-२० वटामात्र यातायात सञ्चालन हुँदै आएको छ । नयाँ बसपार्कदेखि पुरानो बसापार्क, बानेश्वर हुँदै चल्ने कान्तिपुर यातायात भने अहिले पूर्णरूपमा बन्द छ ।

रत्नपार्क हुँदै बल्खुसम्म चल्ने कान्तिपुर यातायातले यात्रु पाएमात्र बल्खुसम्म पुग्ने र यात्रु नभएमा बीच बाटोबाट फर्काउने गरेका छन् । लाजिम्पाटबाट वनस्थली जान कान्तिपुर यातायात चढ्नुभएका विपिन घिमिरेलाई माछापोखरीमा लगेर बसबाट झर्न लगाइयो ।

यस्तै महाराजगञ्ज चोकबाट बालाजु जान कान्तिपुर यातायात चढ्नुभएकी अनुशा अधिकारीलाई पनि माछापोखरीमा झर्न लगाइयो ।

यी केवल प्रतिनिधिमूलक घटना मात्र हुन् । पछिल्लो समय कान्तिपुर यातायात चढ्ने थुप्रै यात्रुले यस्तै दु:ख भोग्न बाध्य छन् । कान्तिपुर यातायात प्रालिमा लामो समयदेखि चालक एवं सहचालकका रूपमा काम गर्दै आएका एक कर्मचारीले भने, 'कान्तिपुर यातायातमा पहिलेको जस्तो अहिले यात्रुको चाप छैन, यात्रु थोरै हुँदा बल्खु नपुऱ्याई बाटोबाटै फर्काउन बाध्य हुनुपरेको छ, बल्खुसम्म पुग्दा तेल खर्च उठ्न धौधौ हुन्छ ।'

पछिल्लो समय काठमाडौँको चक्रपथमा महानगर, महासागर लगायतका यातायात कम्पनीले यात्रुलाई सेवा प्रदान गर्दै आइरहेका छन् ।

कान्तिपुर यातायात सेवा प्रालिका अध्यक्ष केसी २० वर्ष पुराना गाडीलाई विस्थापित गर्ने नियम सरकारले लागू गरेका कारण कान्तिपुर यातायातको संख्यामा कमी आएको बताउँछन् । कान्तिपुर यातायात पुरानो भएका कारण सडकमा कम भएको उनको भनाइ थियो ।

# संसद् बाहिर बनेका ८० प्रतिशत कानुनबारे सदन बेखबर

काठमाडौँ (रासस)/ मुलुकको कानुन बनाउने प्रमुख जिम्मेवारी संसद्को भएता पनि नेपालमा भने ८० प्रतिशतभन्दा बढी कानुन अझै पनि कार्यपालिका मातहतका निकायले बनाउने गरेको पाइएको छ ।

कुन प्रयोजनका लागि ती कानुन कहाँ बनाइएको, कहाँ दर्ता हुन्छ, त्यसको ठिक सदुपयोग भए/नभएको भन्ने पनि यकिन लेखाजोखा नै पाइन्न । प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आवश्वासन समितिका सभापति रामनारायण बिडारीले कानुन निर्माण गर्ने मुख्य जिम्मेवारी रहेको संसद्ले २० प्रतिशत मात्र कानुन बनाउँदै आएको बताए ।

सञ्चारकर्मीसंग कुराकानी गर्दै उनले भने, "देशमा अहिले करिब ३५० ऐन र ३०० जति नियमावली अभ्यासमा छन् तर हजारौँका संख्यामा रहेका निर्देशिका, मापदण्डजस्ता सहायक कानुन संसद् बाहिर बनाइन्छ, यसमा सुधार नल्याउने हो भने सुशासनविरुद्धका गतिविधि, अराजकता र भ्रष्टाचार यहीबाट हुरु हुन्छ ।"

संवैधानिक निकाय हुन् वा कार्यपालिका मातहतका मन्त्रालय, विभाग र कार्यालयले बनाएका ती कानुनको के-कस्तो सदुपयोग वा दुरुपयोग भएको छ भन्नेबारे संसद् बेखबर छ । नेपालमा प्रत्यायोजित अधिकारअनुरुप बनाइएका त्यस्ता नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, व्यवस्थापन, परिपत्रलगायतका कानुन संसद् वा संसदीय समितिबाट अनुमति लिएर लागू गर्ने वा अडिट गराउने अभ्यास छैन ।

उनी भन्छन्, "प्रत्येक मन्त्रालयले निर्देशिका बनाउने आफैँले काम गर्ने कस्तो अचम्म ! निर्देशिकाकै भरमा अनुदान र सहयोगका नाममा राज्यकोषबाट अर्बौं खर्च गरिएको छ ।" राज्यको ढुकुटी दुरुपयोग गर्ने ढंगबाट निर्देशिकाजस्ता त्यस्ता कति सहायक कानुन बनेको भन्ने अत्तोपत्तो नभएपछि संसदीय समितिले मन्त्रालयसहित सम्पूर्ण निकायसँग बनेका त्यस्ता सहायक कानुनको विवरण १५ दिनभित्र उपलब्ध गराउन पत्रचार गरिसकेको छ । पछिल्ला दिनमा त्यस्ता निकायले पठाएका पुराना ऐनले समितिका दराज भरिएको जानकारी दिएको छ ।

विकासभन्दा भ्रष्टचार मौलाएको तथा बजेट र ऐन कार्यान्वयन नभएको सम्बन्धमा गरिएको अध्ययनमा सहायक कानुन पनि ठूलो बाधक देखिएको जानकारी दिइएको छ । सभापति बिडारी भन्नुहुन्छ, "नीहित स्वार्थका लागि मन्त्री र सचिव नै पिच्छे निर्देशिका बनाउने गलत प्रवृत्तिलाई रोक्न अब सहायक कानुन किन, कसले र कहिले बनाउन पाउँछ भनेर नयाँ ऐन ल्याउन गृहकार्य भइरहेको छ ।" संसद्ले अधिकार दिएपछि मात्र अरुले कानुन बनाउन सक्ने भएकाले दिएको अधिकार सदुपयोग गरे कि दुरुपयोग भनेर सदनले नै हेर्नुपर्छ, तर त्यो अभ्यास भने नेपालमा अझै छैन । प्रजातन्त्र अभ्यासमा जननी मानिएको बेलायतले मात्र होइन अष्ट्रेलिया र क्यानाडाको सदनले सहायक कानुन परीक्षण गर्दै आएका छन् ।

सदनले सबैभन्दा बढी नियमावली र निर्देशिकाजस्ता सहायक कानुन बनाउने राष्ट्र बैंक, निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतलाई सहायक कानुन निर्माण गर्न अधिकार प्रत्यायोजित गरेता पनि सदुपयोग भए/नभएकोबारे अध्ययन सुरु गरि सकेको छ । त्यसका लागि संसदीय समितिले कतिपय ऐनमै देखिएका कमीकमजोरी सच्याउन तथा भए/गरेका अभ्यासबारे अध्ययन गरी विज्ञसँगको राय परामर्शसमेत अघि बढाएको छ । केही निकायमा अध्ययनका क्रममा समितिले प्रत्यायोजित अधिकारको दुरुपयोगको आशंकासमेत गरेको छ ।

राज्यकोषबाट रकम खर्च गर्ने र कसुरको दण्ड सजाय तोक्ने विषय पनि निर्देशिका र मापदण्डजस्ता सहायक कानुनका आधारमा भएका घटनाप्रति समितिले असहमति प्रकट गरेको छ । कसुरको सजाय पनि सहायक कानुनबाटै गरिए मानवअधिकार र मौलिक हकविपरीत हुनेछ । कसैलाई सजाय दिने र कर लिने विषय संसद्बाट बनाएको कानुनबाट मात्रै हुन्छ ।

**अप्रकाशित अवस्थामै कानुन लागू गर्न पाइन्नँ**

नेपाल कानुन आयोगका पूर्वअध्यक्ष माधव पौडेल भन्छन्, "जनतालाई लागू गर्ने कानुन अप्रकाशित अवस्थामै कार्यान्वयन गर्न पाइन्नँ, जनताले हेर्न पाउनुपर्छ, प्राय: निर्देशिका र विनियमावली अप्रकाशित छन ।" प्रत्यायोजित विधायन ऐनको दायराभित्र असल नियतले प्रयोग होस् भन्नेमा सबैको एउटै मत हुन आवश्यक रहेको बताउँदै उनले भने, "ऐनले नदेखेको कुरामा हात नहालोस् । संसद्लाई जानकारी नदिई लागू नहोस्, जनतासगँ सम्बन्धित कानुन सरोकारवालालाई जानकारी गराइयोस् ।"

नेपाल कानुन समाजका अध्यक्ष तीर्थमान शाक्यले जनप्रतिनिधिका रूपमा रहेका सांसदले सदनमा मुख्य जिम्मेवारीको विषयमा केन्द्रित भई पर्याप्त समय दिएमा बाहिर सहायक कानुन निर्माण स्वत: कम हुँदै जाने धारणा व्यक्त गरे ।

उनले भने, "ऐनमात्र होइन नियमावली, निर्देशन, मापदण्ड र कार्यविधि बनाउने विषयमा पनि सासदले पर्याप्त समय र चासो दिनुपर्छ, बनेका कानुनको अडिट गर्नुपर्छ ।"

# देशैभर दुई दर्जन उच्च क्षमताका प्रसारण लाइन निर्माण हुँदै

काठमाडौँ (रासस)/ बढ्दो ऊर्जाको मागलाई सम्बोधन गर्ने लक्ष्यका साथ सरकारले उच्च क्षमताका प्रसारण लाइन निर्माणलाई विशेष प्राथमिकतामा राखेर प्रक्रिया अगाडि बढाएको छ । नेपाल विद्युत् प्राधिकरणले १३२ केभी क्षमताको प्रसारण लाइनलाई वितरण लाइन बनाउने घोषणा गरिसकेकाले उच्च क्षमताका प्रसारण लाइन अत्यावश्यक बन्न पुगेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले २३ वटा ४०० केभी क्षमताका प्रसारण लाइन अध्ययनको विभिन्न चरणमा रहेको जानकारी दिएको छ ।




नेपाल र भारतबीच विद्युत् आदान प्रदानका लागि अन्तरदेशीय प्रसारण लाइनदेखि देशभित्रै उत्तर दक्षिण करिडोर जोड्ने गरी विभिन्न आयोजना अगाडि बढाइएको छ । त्यस्तै पूर्वदेखि पश्चिमसम्म बिजुली आदान प्रदानका लागि पनि उच्च क्षमताका आयोजना निर्माणका लागि आवश्यक तयारी गरिएको मन्त्रालयको भनाइ छ । मन्त्रालय मातहतको विद्युत् विकास विभागमा ४०० केभी क्षमतामा प्रसारण लाइन निर्माणका लागि परेको आवेदन हेर्दा पनि एउटा सकारात्मक सन्देश दिएको छ ।

प्राधिकरण, राष्ट्रिय प्रसारण ग्रिड कम्पनी र निजी क्षेत्रले पनि ठूला क्षमताका प्रसारण लाइन निर्माण गर्ने प्रस्ताव गरेका छन् । प्रसारण ग्रीड कम्पनीले इन्डो नेपाल बोर्डर ४०० केभी क्षमताको प्रसारण लाइन निर्माणको अध्ययन गरिरहेको छ । कैलालीको नेपाल-भारत सीमा क्षेत्रमा कूल २७ किलोमिटर लामो उक्त प्रसारण लाइन निर्माण हुनेछ । सो प्रसारण लाइनले दुई हजार ५०० मेगावाट बराबरको बिजुली प्रसारण गर्नेछ ।

यस्तै अरुण करिडोरमा सोही कम्पनीले ३५ किलोमिटर लामो ४०० केभी क्षमताको प्रसारण लाइन निर्माणका लागि अध्ययन गरिरहेको छ । सो प्रसारण लाइनले दुई हजार २६० मेगावाट बिजुली प्रसारण गर्नेछ । सरकारी स्वामित्वको सो कम्पनीले भेरी करिडोरमा नलगाड-मैनताडा ७५ किलोमिटर लामो प्रसारण लाइन निर्माणका लागि अध्ययन गरिरहेको छ । सो प्रसारण लाइनले दुई हजार ४०० मेगावाट बिजुली प्रवाह गर्दछ ।

छिन्चुदेखि बुटवलसम्म कूल २१६ किलोमिटर लामो उच्च क्षमताको प्रसारण लाइन एससी पावर कम्पनीले अध्ययन गरिरहेको छ । सो प्रसारण लाइनले ८६० मेगावाट बिजुली प्रवाह गर्नेछ । प्राधिकरणले दुधकोशी जलाशयको बिजुली प्रवाहका लागि ९१ किलोमिटर लामो ४०० केभी क्षमताको प्रसारण लाइन निर्माण गर्ने भएको छ । सो प्रसारण लाइनले ६०० मेगावाट बिजुली प्रवाह गर्नेछ ।

उत्तरी छिमेकी देशसँग नेपालको प्रसारण प्रणाली जोड्ने गरी प्रस्ताव गरिएको ८० किलोमिटर लामो रातमाटे-रसुवागढी ४०० केभी क्षमताको प्रसारण लाइनको अध्ययन अन्तिम चरणमा पुगेको छ । नेपाल र चीनबीच विद्युत् आदान प्रदानका लागि महत्वपूर्ण मानिएको सो प्रसारण लाइनको अध्ययनको काम अन्तिम चरणमा पुगेको सम्बन्धित आयोजनाले जनाएको छ ।

प्राधिकरणले नै बुढीगण्डकी करिडोरमा ८५ किलोमिटर लामो उच्च क्षमताको प्रसारण लाइन निर्माणका लागि प्रस्ताव गर्दै अध्ययन गरिरहेको छ । तिङ्ला हबदेखि ढल्केबरसम्म १५५ किलोमिटर, दमौली, कुश्मा बुर्तीबाङ हुँदै रुकुमको बाफीकोटसम्म २०५ किलोमिटर लामो उच्च क्षमताको प्रसारण लाइनको अध्ययन भइरहेको छ । यी सबै प्रसारण लाइनले दुई हजार ५०० मेगावाटका दरले बिजुली प्रसारण गर्नेछन् ।

प्राधिकरणले नै अध्ययनको काम गरिरहेको अन्य आयोजनामा न्यू बुटवल कोहलपुर १५० किलोमिटर र दोधारा-दैजी ९३ किलोमिटर लामो प्रसारण लाइन छन् । ती आयोजनाले एक हजार ९३३ मेगावाट बिजुली बोक्नेछन् । सरकारी स्वामित्वको विद्युत् उत्पादन कम्पनीले फुकोट कर्णाली र किमाथाङ्का अरुणमा ४०० केभी क्षमताको प्रसारण लाइन निर्माणका लागि प्रस्ताव गरेको छ । प्राधिकरणको सहायक कम्पनीमार्फत अगाडि बढाइएको माथिल्लो अरुणको विद्युत्गृहदेखि ६.५ किलोमिटर लामो प्रसारण लाइन निर्माणको पनि अध्ययन भइरहेको छ । प्राधिकरणले नै लमही-छिन्चु ९४ किलोमिटर, सितलपाटी-इनरुवा १३० किलोमिटर तथा अरुण हबदेखि दुधकोशी ११५ किलोमिटर लामो प्रसारण लाइन निर्माणका लागि आवश्यक प्राविधिक अध्ययन गरिरहेको छ ।

ती प्रसारण लाइनले चार हजार ४०० मेगावाटसम्म बिजुली प्रसारण गर्नेछन् । राष्ट्रिय प्रसारण ग्रीड कम्पनीले बझाङ पश्चिम सेती ७२ किलोमिटर र पश्चिम सेती-धोधारा १५५ किलोमिटर लामो उच्च क्षमताको प्रसारण लाइन निर्माण गर्ने भएको छ । ती आयोजना पनि अध्ययनका विभिन्न चरणमा छन् ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार उत्तर दक्षिण करिडोरमा उच्च क्षमताका प्रसारण लाइन निर्माणको कामलाई रणनीतिकरूपमा अगाडि बढाइएको छ । काठमाडौँको नाङ्लेभारेदेखि नुवाकोट रातमाटे हुँदै बुटवल पुग्ने ३१२ किलोमिटर लामो प्रसारण लाइन निर्माणमा जटिलता उत्पन्न भएको छ ।

सो परियोजनामा अमेरिकी सहयोग रहनेछ । एमसिसीको सहयोगमा अगाडि बढाउन लागिएको आयोजना राजनीतिक चक्रव्यूहमा फसेको छ । तीमध्ये केही उच्च क्षमताका प्रसारण लाइन अध्ययन सकिन लागेका छन् भने केहीको प्रारम्भिक अध्ययनको क्रममा छन् । नेपालमा प्रसारण लाइन निर्माण गर्नु आफैँमा सबैभन्दा चुनौतीपूर्ण काम हो । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङको भनाइमा हरेक प्रसारण लाइनको एउटा टावर निर्माण गर्नु नै एउटा आयोजना बराबर हो । नेपालमा विशेषगरी वन क्षेत्रको जग्गा प्रयोग, सरकारी तथा निजी जग्गा प्राप्ति, प्राविधिक तथा अन्य स्थानीय समस्याको जञ्जालमा आयोजनाहरु फसेका छन् ।

लामो समयदेखि निर्माण सुरु भएका आयोजनाहरु रुग्ण बनिरहेका छन् । काठमाडौँ उपत्यकामा नै जग्गा प्राप्तिमा समस्या भएपछि विगत लामो समयदेखि काम हुन नसकेको अवस्था छ । अन्तर्राष्ट्रिय बजारमा लगातार पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएपछि त्यसको प्रभाव नेपालमा पनि परेको छ ।

देशभित्रै उत्पादन भएको बिजुली खपत गर्नका लागि पनि ठूलादेखि मझौला प्रसारण लाइन निर्माण जरुरी छ । तर, समस्या यति धेरै छ कि, भनिसाध्ये छैन । स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इपान)का अध्यक्ष कृष्णप्रसाद आचार्यका अनुसार सरकारले सहजीकरण गर्नु त परै जाओस् कुनै पनि सहयोग उपलब्ध नहुने अवस्थाका कारण प्रसारण लाइन आयोजनाहरु एक पछि अर्को गर्दै समस्यामा फसिरहेका छन् ।

विभिन्न सात मन्त्रालय, २३ विभागमा धाउनुपर्ने अवस्थाका कारण आयोजना समयमै सम्पन्न हुन सकेका छैनन् । प्राधिकरणले नै निर्माण गरिरहेका आयोजना समस्यामा फसेका छन् । जलविद्युत् आयोजना निर्माण सम्पन्न भई बिजुली उत्पादन गरिसकेको भए पनि प्रसारण लाइन नहुँदा खेर गइरहेको छ । रामेछापको गर्ज्याङ-खिम्तीमा अवस्था यस्तै देखिएको छ ।

लामो प्रयासपछि बल्ल सोलु करिडोर प्रसारण लाइन निर्माण प्रक्रिया अगाडि बढेको छ । तर, भरतपुर बर्दघाट खण्डमा दुई वटा टावर निर्माण हुन नसक्दा पूर्वको बिजुली पश्चिम नेपाल पठाउन समस्या भइरहेको प्राधिकरणको भनाइ छ ।

ऊर्जा मन्त्रालयका सहसचिव मधुप्रसाद भेटुवाल प्रसारण लाइन निर्माणमा देखिएको जटिलतालाई समग्रतामा सम्बोधन गर्ने गरी प्रयास भइरहेको बताउँछन् । सरकारले अत्यावश्यक प्रसारण लाइन निर्माणमा देखिएको जटिलता फुकाउन शीघ्र निर्णय गर्नुपर्ने ऊर्जा उद्यमीको माग छ ।

# फरार चार प्रतिवादी पक्राउ

तनहुँ (रासस)/विभिन्न अपराधमा सजाय पाएर फरार रहेका चार प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालयले पक्राउ गरेको छ । पक्राउपर्नेमा लागुऔषध, कर्तव्य ज्यान र गाली बेइज्जति मुद्दाका प्रतिवादी छन् । लागुऔषध मुद्दामा आँबुखैरेनी गाउँपालिका-२ सत्रसयका २५ वर्षीय विजय गुरुङ पक्राउ परेका छन् ।

उनलाई जिल्ला अदालतले २०७४ असार १४ गते १० दिन कैद र दुई हजार जरिवानाको फैसला सुनाएको थियो । गुरुङ चार वर्षपछि पक्राउ परेको प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिए । लागुऔषध मुद्दामै फरार आँबुखैरेनी गाउँपालिका-२ सत्रसयकै २६ वर्षीय विजय अधिकारी पक्राउ परेका छन् ।

उनलाई जिल्ला अदालतले २०७४ असार १४ गते दश दिन कैद र दुई हजार जरिवानाको फैसला सुनाएको थियो । अधिकारी पनि चार वर्षपछि पक्राउ परेका हुन् । यस्तै कर्तव्य ज्यान तथा गाली बेइज्जति मुद्दाका दुई जनालाई पक्राउ गरी आवश्यक कारवाहीका लागि अदालतमा पेश गरिएको छ ।

**करेन्ट लागेर युवकको मृत्यु**

आफ्नै घरमा करेन्ट लागेर तनहुँमा एक युवकको मृत्यु भएको छ । शुक्लागण्डकी नगर पालिका-३ दुरुङचुङका २७ वर्षीय चित्रबहादुर राना मगरको मृत्यु भएको हो । राना आफ्नै कोठामा अचेत भेटिएको इलाका प्रहरी कार्यालय बेलचौतराले जनाएको छ । करेन्ट लागेर ४१ वर्षीय दलबहादुर राना र २४ वर्षीया सोममाया थापा मगर घाइते भएका हुन् । ग्रामीण विद्युतीकरणले मृतकको परिवारलाई २५ लाख दिनुपर्ने माग छ ।

# नेपाल-भारत साहित्य उत्सव सौराहामा हुने

चितवन (रासस)/ चितवनको पर्यटकीय नगरी सौराहामा नेपाल-भारत साहित्य उत्सव हुने भएको छ । कविडाँडा साहित्य समाजको १९ औँ स्थापना दिवसको अवसरमा यही कात्तिक २७ र २८ गते उक्त उत्सव आयोजना गर्न लागिएको हो ।

उत्सवमा भारत र नेपालका गरी करिब १०० साहित्यकार सहभागी हुने बताइएको छ । भारतको मणिपुर, आसाम, सिक्किम, दार्जिलिङ, डुवर्स, मिरिक, सिलिगुढी र दिल्लीबाट झण्डै ३० साहित्यकार आउने समाजका अध्यक्ष एलबी क्षेत्रीले जानकारी दिए । यहाँका सहित १५० हाराहारीमा साहित्यकार सहभागी हुने उनले बताए । उत्सवको सबै तयारी पूरा भएको छ ।

कार्यक्रममा नेपाल र भारतका अध्येताबाट विभिन्न विषयमा छ कार्यपत्र प्रस्तुत हुनेछ । भारतीय सहभागी साहित्यकार नेपाली मूलका रहने छन् । कार्यपत्र प्रस्तोता नेपाल र भारतका तीन तीन जना रहने छन् । अध्यक्ष क्षेत्रीका अनुसार भारतका गोमा अधिकारी, डा. नवीन पौडेल, डा. टिबी क्षेत्री तथा नेपालका डा. केशव चालिसे, डा. अशोक थापा र लिला लुइँटेलले कार्यपत्र प्रस्तुत गर्ने छन् ।

कार्यपत्रमा नेपाली साहित्यलाई विश्व बजारमा कसरी चिनाउने, विदेशमा रहेका नेपालीले यहाँको साहित्य प्रवर्द्धनमा गरेको योगदान, नेपाली साहित्यको अवस्थालगायत विषयमा कार्यपत्र प्रस्तुत गरिने छ । तीनै विषयमा द्विपक्षीय साहित्यिक सरोकारका दुई विषयमा परिचर्चा गरिँदै छ । सबै सहभागीबाट रचना वाचनको कार्यक्रम पनि छ । सो अवसरमा नेपालका वरिष्ठ कवि मुकुन्दशरण उपाध्याय, कथाकार नियात्राकार इल्या भट्टराई तथा प्रसिद्ध कवि मनप्रसाद सुब्बालाई विशेष सम्मान गरिने छ । लोकप्रिय गीतकार तथा कवि श्रवण मुकारुङलाई 'कविडाँडा सुवर्ण-तुलसी काव्य पुरस्कार-२०७८' बाट सम्मानित गरिने कार्यक्रमसमेत रहेको क्षेत्रीले बताए ।

त्यसैगरी आख्यानकार श्याम शाह, कथाकार गायत्री अधिकारी तथा शान्ति शर्मा, युवा सर्जक निर्दोष जीवन तथा समालोचक तथा निबन्धकार डीआर शर्मालाई विभिन्न विधामा पुऱ्याएको योगदानका लागि कविडाँडा साहित्य सम्मान तथा देव-खिना पुरस्कारबाट पुरस्कृत गरिने कार्यक्रम छ । कार्यक्रमको उद्घाटन समारोहमा नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेती प्रमुख अतिथि र हनुहुनेछ भने समापन समारोहमा कालेबुङका कवि राजेन्द्र भण्डारी प्रमुख अतिथि रहने कविडाँडा साहित्य समाजका अध्यक्ष क्षेत्रीले बताए । कार्यक्रमले दुई देशबीचको साहित्य प्रवर्द्धनमा टेवा पुग्ने उनको भनाइ छ ।

कवि एवं पर्यटन व्यवसायी सुमन घिमिरेले सौराहामा नेपाल र भारतका साहित्यकारको जमघटले साहित्यिक गतिविधिसँगै पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने बताए । होटल जंगल सफारी लजका सञ्चालकसमेत रहेका घिमिरेको संयोजनमा सौराहामा समय-समयमा साहित्यिक कार्यक्रम हुँदै आएको छ । उत्सव होटल जंगल सफारी लजमा हुने तय भएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ
प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# त्रिखण्डेश्वरमा हरिबोधनी एकादशी मेलाको तयारी तीव्र

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको भीमफेदी गाउँपालिका-१ मा अवस्थित त्रिखण्डेश्वर महादेव मन्दिरमा लाग्ने हरिबोधनी एकादशी मेलाको तयारी तीव्र बनाइएको छ ।

हरेक वर्षझैं यसवर्ष कार्तिक २९ गते परेको हरिवोधनी एकादशीको दिनमा त्रिखण्डेश्वरमा लाग्ने मेलालाई व्यवस्थित, मर्यादित र भक्तजनका लागि सहज बनाउन विभिन्न तयारी अघि बढाइएको हो ।

त्रिखण्डेश्वर महादेव मन्दिरमा लाग्ने मेला जिल्लाकै सवैभन्दा ठूलोमध्ये एक हो । 'मेलाको तयारी तीव्ररुपमा भइरहेको छ । अब हामी तयारीको अन्तिम चरणमा छौं', मन्दिरका सेवक लक्ष्मण दाहालका अनुसार यसवर्ष स्थानीयको सक्रियतामा समिति नै बनाएर मेलाको तयारी भइरहेको छ ।

अघिल्लो वर्षहरुमा स्थानीयको सहयोगमा मन्दिरकै अग्रसरतामा मेला आयोजना हुँदै आएको यसवर्ष स्थानीयकै संयोजकत्वमा समिति बनाएर मेलाको तयारी गरिएको हो । हालसम्म बगर सम्याउने र त्रिखण्डी स्थित खोला पारिको मन्दिरमा जानका लागि फलामको अस्थायी पुल बनाइएको छ ।



मन्दिर क्षेत्र सरसफाइमा नेपाली सेनाले सहयोग गरेका छन् । 'मन्दिर क्षेत्रमा रंगगर्ने काम भइसकेको छ । अब सरसफाइको काम पनि लगभग सकियो', सेवक तथा मेला सञ्चालन समिति सचिवसमेत रहेका दाहालका अनुसार मन्दिर क्षेत्रमा उक्त दिन मदिरा तथा मासुजन्य खानेकुरा बिक्री वितरणमा समेत रोक लगाइएको छ ।

मेलाको आवश्यक तयारीको क्रममा स्थानीय प्रशासन र प्रहरीसँग आवश्यक सहयोग माग भइसकेको छ । 'मदिरा बिक्री बितरणले गर्दा अनावश्यक झगडा हुने सम्भावना भएकाले रोकेका हौं ।' हरिवेधनी तथा ठूलो एकादशीको दिनमा हेटौंडा बजार क्षेत्रमा समेत माछामासु व्यवसायी संघले माछामासु विक्री वितरण गर्दैनन् ।

**मेलालाई व्यवस्थित बनाउन तयारी समिति गठन**

आगामी सोमबार हरिबोधनी ठूलो एकादशीका दिन पर्ने मेलामा हजारौं भक्तजन र व्रतालुको घुईंचो रहने हुँदा जात्रा/मेला व्यवस्थापन समिति अध्यक्ष शंकर लामा, सचिव सेवक लक्ष्मण दाहाल, अनुगमन तथा सहजीकरण संयोजक गोपाल कार्की र अन्य सदस्यलगायत गठन भएको सचिव दाहालले बताए ।

जात्राका लागि मन्दिर र ंगरोगन गरी सरसफाइ र पुल निर्माणको तयारी गरिँदैछ । एकादशीमा धार्मिक सहिष्णुता, मौलिक धर्मको परिचय, पहिचान शिव मन्दिरपरि सरमा ठूलो एकादशीको मेला हुने हुँदा पुण्य पवित्रको दिन जात्रा मेला अवधिमा माछामासु, अण्डा र रक्सी बिक्री बितरण निषेध गरिनेछ ।

# स्वास्थ्य सुधारमा प्रतिबद्ध भएर जुट्न निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशका नवनियुक्त स्वास्थ्य मन्त्री निमा लामाले प्रदेशको स्वास्थ्य क्षेत्रको सुधारमा प्रतिबद्ध भएर जुट्न निर्देशन दिएका छन् ।

मन्त्रालयमा पदभार ग्रहणपछि भएको ब्रिफिङका क्रममा मन्त्री लामाले आफू कुरामा भन्दा काममा विश्वास गर्नेमा जोड दिँदै प्रदेशको स्वास्थ्य क्षेत्रको सुधारमा प्रतिबद्ध भएर जुट्न निर्देशन दिएका हुन् । स्वास्थ्य मन्त्रालय सधैं आकस्मिक स्वास्थ्य सेवाका लागि तयार रहनु पर्ने भएकाले मन्त्रालय अन्तरगतका सबै इकाई आफैं पनि स्वस्थ हुनुपर्ने उनको भनाइ थियो ।

अस्पतालहरूको पूर्वाधार सुधार, गुणस्तरीय सेवा प्रवाह र सरसफाइमा विशेष ध्यान दिन उनले निर्देशन दिए । कोरोना महामारी विरूद्धका कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्नेमा उनको जोड थियो ।

प्रदेशको स्वास्थ्य क्षेत्रको सुधारका लागि नीतिगत सुधार एवं प्रशासनिक सुदृढीकरणका लागि मन्त्रालय टिमसंग समन्वयात्मक ढंगले काम गर्ने उनले प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा स्वास्थ्य सचिव बद्रीबहादुर खड्काले मन्त्रालयको संरचनात्मक अवस्था, प्रवाह गरिरहेका सेवा र आगामी कार्ययोजना लगायतको विषयमा जानकारी दिएका थिए ।

# गणतान्त्रिक व्यवस्था ध्वस्त पार्न खोजिएको बानियाँको दाबी

साझाकुरा संवाददाता

हेटौंडा/नेपाली कांग्रेस मकवानपुर सभापति एवम् बागमती प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले एमाले अध्यक्ष केपी ओलीले गणतान्त्रिक व्यवस्था ध्वस्त पार्न खाजेको दाबी गरेका छन् ।

नेपाली कांग्रेसको बागमती गाउँपालिका वडा नम्बर २ मा वडा कार्यालय उद्घाटन समारोहलाई सम्बोधन गर्दै नेता बानियाँले ओलीले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था ध्वस्त पार्न खोजेकाले यसको संरक्षणका लागि गठबन्धन गरेर कांग्रेसले सरकारको नेतृत्व लिएको बताए ।





कम्युनिस्टहरुले कुरा मात्रै गर्ने तर काम नगर्ने बताउँदै नेता बानियाँले कांग्रेसले आफुले प्रतिवद्धता गरेका काम पूरा गरेर जनताको हित गरिरहेको दाबी गरे । उनले जनताको भविष्य कांग्रेससँग र कांग्रेसको भविष्य जनतासँग रहेको बताउँदै कांग्रेसले सधैं जनताको पक्षमा काम गरेको बताए । बानियाँले जनताले कम्युनिस्टलाई स्थानीय, प्रदेश र संघमा अत्याधिक बहुमत दिए पनि उनीहरु आफ्नै पदका लागि मात्रै हानाथाप गरेको औंल्याए ।

वडा सभापति छबिलाल बोम्जनको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका कोषाध्यक्ष गोपिलाल विश्वकर्मा, सहसचिव रामबाबु बानियाँ, प्रमुख सल्लाहकार माइकल रामचन्द्र अर्याल, रिता खनाल, महासमिति सदस्य धर्म लामिछाने, जिल्ला सदस्यहरु शेरबहादुर लामा, चोकबहादुर ठाडा, इन्दिरा न्यौपाने, सुशान्त श्रेष्ठ, दोर्जे लामा स्याङ्तान, क्षेत्रीय सभापति तारानाथ चौलागाईं, डिल्ली घोरासाइनी, क्षेत्रीय सचिव सुवात थिङ, बागमती गाउँपालिका सभापति फणीन्द्र तिमल्सिना, हेटौंडाका निवर्तमान नगर सभापति आनन्दराम पराजुलीलगायतको आथिथ्यता रहेको थियो । कार्यक्रममा बागमती गाउँपालिकाका निवर्तमान सभापति भक्तबहादुर राई, निर्वाचित जनप्रतिनिधि, नगर, गाउँ, वडाका प्रतिनिधि, भातृ एवं शुभेच्छुक संगठनका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा वडा नम्बर २ मा नेकपा एमालेबाट वडा सदस्यका उम्मेदवार रहेका लक्षु पहरी, हाजिरमान स्याङ्तान, बिखे पहरी, श्रीकृष्ण पहरी, फुलमति राई, सिता राई, याकुमाया आले, रोशण पहरी, निरबहादुर मोक्तान र नेकपा माओबादीबाट श्याम राई र सुकुमाया राईसहित १ सय ४८ जना कांग्रेस प्रवेश गरेका छन् । त्यस्तै, वडा नम्बर ८ बाट ३०, वडा नम्बर ४ बाट ४४ जना वडा नम्बर १ बाट ७८ जना नेकपा एमाले, माओवादी र राप्रपा परित्याग गरी कांग्रेस प्रवेश गरेको बागमती गाउँपालिका सचिव सुदीप पाखिनले जानकारी दिए ।

# केन्द्रबाट बर्खास्त भए न्यौपाने

साझाकुरा संवाददाता

हेटौंडा/नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखाका सभापति सूर्यचन्द्र न्यौपानेलाई केन्द्रले बर्खास्त गर्दै लालबहादुर थापालाई सभापति चयन गरेका छन् । थापा रेडक्रस मकवानपुरका उपसभापति थिए ।



थापाको नेतृत्वमा ३ महिनाभित्र जिल्ला शाखाको अधिवेशन गर्नेगरी तदर्थ समिति निर्माण गरिएको हो । थापा सभापति भएसँगै दुई दशकबाट न्यौपानेको नेतृत्वमा रहेको रेडक्रसले नयाँ नेतृत्व पाएको छ ।

तदर्थ समितिको उप-सभापतिमा खेमराज सापकोटा र सुमित्रा काफ्ले चयन भएका छन् । शाखाको मन्त्रीमा पिताम्बर बास्तोला, कोषाध्यक्षमा यशोदा श्रेष्ठ, उपमन्त्रीमा सानु थापा, उपकोषाध्यक्षमा हरिकृष्ण कार्की चयन भएका छन् । शाखा सदस्यहरुमा कमल बिष्ट, कृष्णप्रसाद चौलागाई, मंगल रखाल, राजु घले, मोहन कार्की, प्रेम लम्साल र जंगबहादुर गुरुङ छन् ।

# मन्त्रालयको गाडी भीमफेदीमा दुर्घटना



साझाकुरा संवाददाता

हेटौंडा/काठमाडौंबाट हेटौंडा आउँदै गरेको सरकारी गाडी मकवानपुरको भीमफेदीमा दुर्घटना भएको छ ।

शुक्रबार बिहान ८:३० बजे संघीय सरकार स्वास्थ्य मन्त्रालयको बा २ झ ४३४२ नम्बर को गाडी भीमफेदीस्थित चिसापानी पुल नजिकै दुर्घटनामा भएको हो ।

सडकबाट अन्दाजी १५ फिट तल खसेको गाडीमा सवार ३ जना घाइते भएका छन् । उक्त सवारी साधन आफैं अनियन्त्रित भइ दुर्घटना भएको र घाइते ३ जनाकै अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । घाइते तीन जना सामान्य उपचार पछि डिस्चार्ज भएका छन् ।

# संकटालाई युक्यानको साथ



काठमाडौं (रासस)/ आसन्न 'ए डिभिजन' लिग फुटबल प्रतियोगिताको लागि चिनियाँ ब्राण्डको स्पोर्ट्स कम्पनी युक्यानले संकटा क्लबलाई प्रायोजन गरेको छ ।

यसका लागि शुक्रबार यहाँ आयोजित एक कार्यक्रममा युक्यानका प्रबन्ध निर्देशक राजीन महर्जन र संकटा क्लबका अध्यक्ष इन्द्रमान तुलाधरले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । युक्यानले संकटालाई ए डिभिजन लिगका लागि दश लाख बराबरीको खेल सामग्री उपलब्ध गराउनेछ ।

युक्यानका प्रबन्ध निर्देशक महर्जनले फुटबलप्रतिको मायाका कारण क्लबसँग विशेषरुपमा जोडिएको बताए । त्यस्तै क्लबका अध्यक्ष तुलाधरले टिम वर्क र अनुशासन संकटाको बलियो पक्ष रहेको बताउँदै आसन्न लिगमा उत्कृष्ट प्रदर्शन गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा संकटा क्लबले आसन्न शहीद स्मारक 'ए' डिभिजन लिगका लागि २५ सदस्यीय टोली सार्वजनिकसमेत गरेको छ । टोलीमा गोलकिपर राजाबाबु थापा, रोहित कार्की र अजय महर्जन छन् भने, रक्षकमा अर्नेस्ट टाम्पी, रवि सिलवाल, सरोज दाहाल, जनक कोइराला, अमित तामाङ, दीपेन्द्र विक, निराज बस्नेत र रोमन लिम्बू छन् ।

त्यसैगरी मिडफिल्डरमा रोशन पहरी, जय गुरुङ, सुभास गुरुङ, लक्ष्मण रुचाल, फोडे फोफना, टीकाराज गुरुङ र समिर बराल छन् भने स्ट्राइकरमा दिपेश आले मगर, गणेश हमाल, उत्तम राई, शीर्षक तुलाधर र यनिक छन् । प्रशिक्षकमा विष्णु गुरुङ र राजकुमार केसी छन् । त्यस्तै टिम व्यवस्थापकमा राजेश तुलाधर छन् ।

# थाहा नगरमा एलपी ग्यास तोकिएको मूल्य भन्दा बढीमा बिक्री

**सुरेन्द्रमान प्रधान/थाहानगर**

हेटौंडा/अहिले नेपाल आयल निगमले देशभरका लागि पेट्रोलियम पदार्थको मूल्य बढाएसँगै एलपी ग्यासको मूल्य १५ सय ७५ रुपैयाँ पुऱ्याएको छ । तर, थाहानगरमा भने न्यूनतम पनि १६ सय रुपैयाँ छ ।

थाहानगरको मूख्य बजारहरुमा प्रति सिलिण्डर १६ सय रुपैयाँ हुँदा भित्री बजार तथा नगरका अन्यत्र त साँढे १६ सय रुपियाँसम्म लिने गरेको बुझिएको छ ।

थाहानगरमा एलपी ग्यासको मूल्य अन्यत्रभन्दा २५ रुपियाँ महंगो हुनुमा ढुवानीको कारण र हेको बताउँदै साहारा र लुम्बिनी ग्यासका आधिकारिक विक्रेता जंगली सप्लायर्सका प्रोपाइटर बद्रीनाथ ढकाल भन्छन्, 'यहाँ डिपोहरुलाई सम्बन्धित ठाउँहरुमै ढुवानी गर्नु पर्नाले २५ रुपियाँ बढी हुन पुगेको हो, तर उपभोक्तालाई मर्का परिर हेको भन्ने होभने हामी नोक्सानी मै भएपनि निगमकै मूल्यमा विक्री गर्न तयार छु ।'

ढकालले भने, 'त्यसो त मैले १५ सय ७५ रुपियाँ भन्दा बढीमा विक्री गरेको छैन, तर डिपोले लिने नाफाले गर्दा अन्त भन्दा २५ रुपियाँ बढी पर्न गएको देखिन्छ ।'



एलपी र साहारा ग्यासका अर्का आधिकारिक विक्रेता एसके सप्लायर्सका प्रोपाइटर गुप्तबहादुर कार्की भने आफूले अहिलेसम्म १५ सय ७५ रुपियाँमा नै बिक्री गर्दै आइरहेको बताउँछन् । कार्कीले भने, 'कानूनी दायरमा रहेका डिपोहरु आएर सम्झौता गरेर विक्री गर्न चाहेमा आफूले निगमको नियमानुसार डिपोलाई विक्री गर्न सक्छु तर, अहिलेसम्म खुद्रा मूल्यमै विक्री गरिरहेको छु ।'

कार्कीका अनुसार थाहानगरमा आधिकारिक डिपोहरु भने छैनन्, अहिलेसम्म जो जो डिपोको रुपमा विक्री गरिरहेका छन्, सबैले व्यवहारिक रुपमा मात्रै विक्री गरिरहेको पाइएको छ । थाहानगरमा मासिक करिब ६ हजार सिलिण्डर खपत हुँदै आएको छ ।

नेपाल आयल निगमका अनुसार तोकिएको मूल्यभन्दा बढी दरमा विक्री गर्न पाइँदैन । तर, थाहानगरमा रहेका आधिकारिक विक्रेताहरुलाई स्थानीय 'डिपो' हरुलाई नै निगमकै मूल्यमा (१५ सय ७५ रुपियाँ) विक्री गर्ने गरेका छन् । डिपोहरुले निगमकै मूल्यमा आधिकारिक बिक्रेतासँग खरिद गर पछि २५ रुपैयाँ नाफा राखेर विक्री गर्ने गरेको बताए ।

यस सम्बन्धमा तत्काल सरोकारवाला निकायहरुको बैठक र ाखी मूल्य समायोजन गर्न पहल गर्ने थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष कविराज खत्रीले बताए । स्थानीय तहमा अहिलेसम्म कुनै उजुरी नआएको बताउँदै तत्काल बिक्रेताहरुसँग यस विषयमा छलफल गरिने थाहानगरका उपप्रमुख खड्ग गोपालीले बताए ।

## भुल सुधार गरिएको सूचना

मिति २०७८/०७/१८ गते नेपाल रेडक्रस सोसाइटीद्वारा प्रकाशित सूचनामा नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाको रक्त संचार भवनको लागि मेडिकल तथा इलेक्ट्रिकका सामाग्री खरिद गर्न हुनुपर्नेमा नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाद्वारा सञ्चालित **PREPARE Project** भएको हुनाले भुल सुधारको लागि यो सुचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराउँदछौं ।

निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्

घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?



निर्माणका लागि हार्डवेयर सामाग्री एकमुष्ठ खरिद गर्न अब





हामीलाई सम्झानुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, वाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

हाम्रो हार्डवेयर एण्ड सप्लायर्स

हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५२०६४१, ९८५५०४२९६३

चितवन मेडिकल कलेज, CMC भरतपुरका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ

डा. प्रकृति सिटैला

अब

हेटौंडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै:-
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- महिनावारी गडबडी हुने
- सेतो पानी बग्ने
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली सम्बन्धि समस्या लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुमको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र आजै आफ्नो नाम दर्ता गर्नुहोला ।

थप जानकारीको लागि

हेटौंडा सिटी हस्पिटल प्रा.लि.

फोन नं.:०५७-५२०३१५, ५२०५७०, साथै प्रत्येक दिन HD Quality को अत्याधुनिक प्रविधियुक्त Endoscopy सेवा ।





गोर्खाली ट्रेड एण्ड सप्लायर्स

हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

"तपाई, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

वेवसाइडमा: www.sajhakuranews.com

सर्च गर्न नभुल्नुहोला ।

साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।



साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल